सम्बत् २०७५ साल चैत २५ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— नेपाली विद्वत भेला विषयक कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. उषा झालाई स्वीकृति प्रदान गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— न्याय सेवा आयोगबाट सिफारिस भई आएका श्री दिनेशप्रसाद घिमिरे र श्री सन्देश श्रेष्ठलाई नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्राङ्कित प्रथम श्रेणीको सहन्यायाधिवक्ता पदमा नियुक्त गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— आयोजना कार्यान्वयन सहजीकरण निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेडलाई गाभी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. गठन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— वन पैदावारमा आधारित उद्योगका लागि वन क्षेत्रदेखिको दुरी निर्धारण गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— औद्योगिक व्यवसाय ऐन, २०७३ को अनुसूची ८ मा लगानी (इन्भेष्टमेण्ट) कम्पनी थप गर्ने विषयको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— घरेलु, तथा साना उद्योग प्रवर्द्धन केन्द्र विकास समिति (गठन) आदेश, २०७५ तथा संगठन संरचना विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— Second Belt and Road Forum for international को दौरानमा आयोजना हुने Trade connectivity सम्मेलनमा भाग लिन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलाई स्वीकृति प्रदान गर्ने।

९. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— श्री किशोरकुमार चौधरीलाई नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिवको पदमा नियुक्ति गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेशको प्रदेश सचिव (रा.प. प्रथम श्रेणी) को पदमा पदस्थापन गर्ने ।

१०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — स्वीट्जरल्याण्डको जेनेभामा सञ्चालन हुने International Forum on Food Safety and Trade विषयक कार्यक्रममा सहभागी हुन कृषि तथा पशुपन्छी बिकास मन्त्रालयका सचिव डा. युवकध्वज जि.सी. लाई स्वीकृति दिने ।

११. गृह मन्त्रालय— राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ लाई संशोधन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१२. गृह मन्त्रालय— संविधानसभा पदक प्रदान गर्ने ।

१३. परराष्ट्र मन्त्रालय— परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको कार्यकारी निर्देशकमा श्री राजेश श्रेष्ठ, अतिरिक्त प्रहरी महानिरिक्षक, सशस्त्र प्रहरी बल नेपाल, अवकाश प्राप्तलाई नियुक्ति गर्ने ।

१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७५ को विधेयक मस्यौदालाई संघीय संसदको बैठकमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१५. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— चीनको बेइजिङमा आयोजना हुने "Second Belt and Road Forum for International Cooperation" को दौरान People to People Connectivity सम्बन्धी Thematic Forum विषयक कार्यक्रममा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममाया थापालाई भाग लिन स्वीकृति दिने ।

१६. रक्षा मन्त्रालय— प्राविधिक प्रमुख सेनानी द्वय डा.अजय राजभण्डारी र डा.ईन्दु के.सी.लाई प्राविधिक महासेनानी दर्जामा पदोन्नति गर्ने ।

१७. रक्षा मन्त्रालय— प्राड सहायक रथी रत्न प्रकाश थापालाई प्राड उपरथी दर्जामा पदोन्नति गर्ने ।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— स्वीट्जरल्याण्डको जेनेभामा हुने Twenty-Second Annual Session of the United Nations Commission on Science and Technology for Development (CSTD) मा सचिव श्री कृष्णराज बि.सी. लाई सहभागी हुन स्वीकृति दिने ।

१९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— नेपाल सरकार र श्रीलंका सरकार बीच विज्ञान, प्रविधि तथा नव-प्रवर्तनको क्षेत्रमा सहयोग आदान प्रदान गर्न Memorandum of Understanding (MoU) गर्ने ।

२०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— मदन मण्डारी विज्ञान तथा प्रविधि विश्वशविद्यालय पूर्वाधार विकास समितिको अध्यक्ष पदका लागि प्रा.डा. राजेन्द्रध्वज जोशी, सदस्य पदमा प्रा.डा. सुदर्शनराज तिवारी, डा. उषा झा र सोनाम शेर्पालाई नियुक्ति गर्ने ।

२१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— जनशक्ति प्रक्षेपण तथा मानव संशासन विकास योजना तर्जुमा कार्यदलको म्याद थप गर्ने ।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्वास्थ्य चौकीहरूमा रहने अ.न.मि. पदको दरवन्दी तेरिज संशोधन गर्ने ।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— नेपाल कृषि सेवा र वन सेवाका रा.प.प्रथम श्रेणीका कर्मचारीहरूको समायोजन गर्ने ।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिवहरू विष्णुराज ढकालसमेतको सरुवा गर्ने ।

२५. सहरी विकास मन्त्रालय— गणतन्त्र स्मारकको चार वटा स्तम्भ जोड्ने ट्रसमा पित्तलको पाता (Brass Plate) ले मोड्ने कार्य र गणतन्त्र स्थापनासँग सम्बन्धित विषयवस्तुहरु समेटिएको फोटोग्राफहरु तयार गरी राख्ने कार्यहरु गर्नका लागि स्वीकृति प्रदान गर्ने ।

२६. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव डा. हरि पौडेललाई बढुवा गर्ने ।

२७. गृह मन्त्रालय— प्रवल जनसेवा श्री मानपदवी प्राप्त गर्न घोषित नामावलीको सि.नं. १३५ का श्री कैलाश मातक्षे श्रेष्ठ, शाखा अधिकृत, गृह मन्त्रालयले प्राप्त गरेको मानपदवी रद्द गर्ने ।

२८. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय- मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जन गरिएको "गुठी ऐन, २०७५ को विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

२९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) ऐन, २०७५ को विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

३०. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय- "सहकारी नियमावली, २०७५" स्वीकृत गर्ने।

३१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— "औद्योगिक व्यवसाय नियमावली, २०७५" स्वीकृत गर्ने ।

३२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय- "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०७५" स्वीकृत गर्ने ।

३३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय- UN Women सँग MoU मा हस्ताक्षर गर्न स्वीकृति दिने ।

३४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- "सार्वजनिक खरिद (छैठौं संशोधन) नियमावली, २०७५" स्वीकृत गर्ने ।

३५. नेपालको संविधानको धारा ५३ बमोजिम यसैसाथ संलग्न नेपाल सरकारको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७४/०७५ सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

OPMCM

सम्बत् २०७५ साल चैत २४ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. नेपालका छैठौं संघनायक तथा राष्ट्रिय सभाका पूर्व सदस्य भिक्षु अश्वघोष महास्थविरको मिति २०७५ साल चैत २२ गते शुक्रबार उपचारको क्रममा ९३ वर्ष (जन्म वि.सं. १९८३ जेठ १५) को उमेरमा निधन भएको छ । उहाँको निधनबाट राष्ट्रले अपूरणीय क्षति व्यहोर्नु परेको छ । पूर्व जनप्रतिनिधि, भिक्षु तथा बौद्धदर्शनका उत्कृष्ट विचारक अश्वघोष महास्थविरको दुःखद निधन भएकोमा शोक प्रकट गर्दै दिवंगत आत्माप्रति श्रद्धासुमन अर्पण गर्ने । यस दुःखद घडीमा बनेपास्थित ध्यानकुटी बिहार र काठमाडौंको ढल्कोस्थित संघाराम बिहारलगायत बौद्ध बिहारहरूका समस्त साधक, धर्मोदय सभा, अखिल नेपाल भिक्षु महासंघ, उहाँका शिष्यहरूलगायत शोकसन्तप्त समुदायप्रति गहिरो समवेदना व्यक्त गर्ने ।

२. दिवंगत भिक्षु अश्वघोषको अन्तिम संस्कार विशेष राष्ट्रिय सम्मानका साथ गर्ने । यसका लागि आवश्यक सम्पूर्ण प्रबन्ध गृह मन्त्रालयले मिलाउने र अन्त्येष्टिको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

OPMCM

सम्बत् २०७५ साल चैत २१ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कर्मचारीहरूको भत्ता स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— JICA/EHRP परामर्शदाताको भेरियसन आदेश निर्देशक समितिमा छलफल गरी पेस गर्ने ।

३. अर्थ मन्त्रालय— Belt and Road Initiative Tax Administration Cooperation Mechanism (BRITACOM) को संस्थापक सदस्यको रूपमा नेपाल आबद्ध हुने।

४. अर्थ मन्त्रालय— टर्कीको इस्तानबुलमा टर्कीस कोर्ट अफ् अकाउन्ट्सको आयोजनामा हुने "Latest Approaches in Measuring the Added Value of Audit and Challenges " विषयक प्यानलमा उप-महालेखापरीक्षक श्री राममायाँ कुँवरलाई सहभागी हुन स्वीकृति दिने ।

५. अर्थ मन्त्रालय— निजी क्षेत्रको नेतृत्वमा मिनी ग्रिड ऊर्जा पहुँच परियोजना (Private Sector-Led Mini Grid Energy Access Project) का लागि विश्व बैङ्कबाट सहायता स्वीकार गर्ने ।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय— नेपाल कृषि सेवाका रा.प. प्रथम श्रेणीका कर्मचारीहरूको समायोजन गर्ने विषय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव पेश गर्ने गरी प्रस्ताव फिर्ता गर्ने ।

७. गृह मन्त्रालय— नेपाल प्रहरीको गठन, तथा सेवाका शर्तसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक उपर लोक सेवा आयोगको परामर्श लिने।

८. गृह मन्त्रालय— निषेधित क्षेत्रसम्बन्धी संशोधित सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

९. गृह मन्त्रालय— फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७५ स्वीकृत गर्ने ।

१०. गृह मन्त्रालय— खारेज भएका क्षेत्रीय प्रशासन कार्यालयहरूको स्रोत साधन र अभिलेखको हस्तान्तरण गर्ने ।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सडक सुरक्षासम्बन्धी विधेयक, २०७५को तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

१२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली, २०७५ स्वीकृत विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१३. वन तथा वातावरण मन्त्रालय— रा.प.प्रथम श्रेणीका कर्मचारीहरूको समायोजन संशोधन विषय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव पेश गर्ने गरी प्रस्ताव फिर्ता गर्ने ।

१४. वन तथा वातावरण मन्त्रालय— सागरनाथ वन विकास परियोजना तथा रतुवामाई वृक्षारोपण आयोजनालाई संघीय सरकारअन्तर्गतको वन तथा वातावरण मन्त्रालय मातहत राख्ने ।

१५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष तथा कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— संघमा समायोजन भएका नेपाल ईन्जिनियरिङ्ग सेवा, नेपाल विविध सेवा र नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका सहसचिवहरुको पदस्थापन गर्ने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— निजामती सेवा (पन्ध्रौं संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने ।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— चीनको बेइजिंगमा आयोजना हुने कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री उपेन्द्र यादवको सहभागिता स्वीकृत गर्ने ।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— इथियोपियाको अडिस अबाबामा हुने कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री उपेन्द्र यादवको सहभागी हुने ।

२०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- "संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने विषयको व्यवस्था गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

२१. सहरी विकास मन्त्रालय- "उद्यान विकास तथा व्यवस्थापन कार्यविधि, २०७५" स्वीकृत गर्ने ।

२२. गृह मन्त्रालय- प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक विदाहरूमा संघीय सरकारअन्तर्गतका कार्यालयमा समेत विदा दिने ।

२३. मिति २०७५/१२/१७ गते आइतबार साँझको समयमा आएको हावाहुरी सहितको चक्रपात तथा असिनापानीका कारण बारा र पर्सा जिल्लाको विभिन्न स्थानमा घर उजाड तथा क्षति भई विस्थापित भएका विपद् प्रभावितहरूको पुनर्स्थापना तथा घर पुनर्निर्माणका विषयको देहायबमोजिम गर्ने-

क. पुनर्स्थापना र पुनर्निर्माणको कार्य नेपाल सरकारले गर्ने ।

ख. उक्त कार्यका लागि प्रदेश नं. २ का प्रमुख सचिवको संयोजकत्वमा सहरी विकास मन्त्रालय अन्तर्गत जनता आवास कार्यक्रमसँग सम्बन्धित प्रतिनिधि, रक्षा मन्त्रालयअन्तर्गत नेपाली सेनाको प्रतिनिधि, बारा र पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू सहितको ५ सदस्यीय पुनर्स्थापना

ग. तथा घर पुनर्निर्माण सहजीकरण र समन्वय समिति गठन गर्ने ।

घ. जनता आवास कार्यक्रममा पूर्वनिर्धारित प्रति एकाइ आवास लागतको बजेट सीमाभित्र रहेर वर्षायाम सुरु हुनु अगावै विपद् प्रभावितहरूको क्षतिग्रस्त एवं उजाड भएका घरहरूको पुनर्निर्माण गर्ने व्यवस्था मिलाउने ।

ङ. घर निर्माणको कार्य सम्पन्न गर्ने जिम्मेवारी नेपाली सेनालाई दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

सम्बत् २०७५ साल चैत १८ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. १. मिति २०७५/१२/१७ गते आइतबार साँझको समयमा आएको हावाहुरी सहितको चक्रपात तथा असिनापानीका कारण बारा र पर्सा जिल्लाको विभिन्न स्थानमा हालसम्म २७ जनाको मृत्यु, ६१३ जना घाइते र ठूलो मात्रामा आर्थिक क्षति भएको विवरण प्राप्त भएको छ । उक्त दुःखद् घटनामा परी ज्यान गुमाउने मृतकहरूप्रति श्रद्धासुमन अर्पण गर्दै शोक प्रकट गर्ने, प्रभावित शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

२. घटनालगत्तै उद्धार गर्ने, हेरविचार र राहत दिने, अस्पताल तथा स्वास्थ्य संस्थामा पुऱ्याउन सहयोग गर्ने, भोक निन्द्राको परवाह नगरी महत्त्वपूर्ण शल्यक्रियालगायतका उपचार गर्ने, सुरक्षा दिने, समाचार सम्प्रेषण गर्नेसमेतका कार्यमा स्वस्फुर्त रूपमा तत्कालै परिचालित भई प्राकृतिक विपदमा तदारुकताका साथ मानवीय सेवा उपलब्ध गराउन अमूल्य सहयोग पुऱ्याउने सुरक्षा निकाय तथा सुरक्षाकर्मीहरू, प्रशासनिक संयन्त्र र कर्मचारीहरू, सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाका चिकित्सक, नर्सलगायतका स्वास्थ्यकर्मीहरू, रक्तदाताहरू, संघीय, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीहरू, राजनीतिक दलका प्रतिनिधि तथा कार्यकर्ताहरू, निजी क्षेत्रका संघ संस्था तथा प्रतिनिधिहरू, सञ्चार माध्यमलगायत सम्पूर्ण निकाय, जनशक्ति तथा आम जनसमुदायबाट भएको योगदानका लागि नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद दिने।

३. घाइतेहरूको उपचारको सम्पूर्ण व्यवस्था सरकारले मिलाउने । घाइतेहरूको उपचारमा कुनै कमी कमजोरी हुन नदिने । घाइते भइ अपाङ्ग तथा अशक्त हुनेहरू र मृतकका परिवारका सदस्यहरूलाई सरकारले यथोचित व्यवस्था गर्ने ।

४. प्रभावित क्षेत्रमा कुनै पनि रोगको प्रकोप फैलिन नदिन औषधि उपकरणसहित थप स्वास्थ्यकर्मीहरूको टोली तुरुन्त परिचालन गर्ने । विपद प्रभावित क्षेत्रमा विद्युत, खानेपानी, सञ्चारलगायतका अत्यावश्यक सेवाहरू सुचारु बनाउन र थप क्षति हुन नदिन सम्बन्धित निकायहरूले पूर्ण सतर्कता अपनाउने र आवश्यक कदम चाल्ने।

५. यस दुःखद् परिस्थितिमा प्रशासनिक निकायहरू, सुरक्षा अङ्गहरू, स्थानीय तह, निजी क्षेत्र, सामाजिक क्षेत्र तथा गैरसरकारी संघ संस्थाहरूलाई समन्वयात्मक रूपमा परिचालन गरी विपद् प्रभावितहरूको उद्धार, राहत, उपचार एवं खाद्यान्न र बसोबासको प्रबन्ध मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने।

६. गृह मन्त्रालयको समन्वयमा विपद्बाट भएको क्षतिको विवरण यथाशीघ्र तयार गर्ने, मूल्याङ्कन गर्ने, तथ्य र विवरणसहितको यथार्थ परिस्थिति स्पष्ट भइसकेपछि पुनर्स्थापना तथा पुनर्निर्माणलगायतका आवश्यक विषयका विषयको थप आवश्यक निर्णय गर्ने ।

२. गृह मन्त्रालय— फ्रान्सको लियोनमा आयोजना हुन गईरहेको INTERPOL को "Annual Heads of NCB Conference" बिषयक कार्यक्रममा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई भाग लिन जान स्वीकृति दिने।

३. गृह मन्त्रालय— विभूषणको घोषित नामावली संशोधन एवं रद्द गर्ने ।

४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव दिनेशकुमार थपलियाको राजिनामा मिति २०७५/१२/१८ गतेदेखि लागू हुने गरी स्वीकृत गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

OPMCM

सम्बत् २०७५ साल चैत १४ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— न्याय सेवा आयोगबाट सिफारिस भई आएका श्री अच्यूतमणि नेउपाने र श्री ईश्वरीप्रसाद ढकाललाई नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्राङ्कित प्रथम श्रेणीको सहन्यायाधिवक्ता पदमा नियुक्त गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय बाँकेको नाममा रहेको जग्गामा निर्माण भएको तुलसीमाया लामाको घर खालि गर्ने प्रयोजनका लागि रकम उपलब्ध गराउन स्वीकृति दिने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— निर्वाचन आयोगअन्तर्गत रहेको मतदाता नामावलीको विद्युतीय विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— गैर आवासीय नेपाली संघसँग समझदारीपत्रमा नेपाल सरकारको तर्फबाट उद्योग विभागका महानिर्देशकलाई हस्ताक्षर गर्न स्वीकृति दिने ।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय— अपर त्रिशुली-१ को लागि भएको अमेरिकी डलर पि.पि.ए. को विषयको हेजिङ्ग दायित्व व्यवस्थापन गर्ने ।

६. गृह मन्त्रालय— सार्वजनिक हितको लागि आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय— गरिबी निवारण नीति, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सडक उपभोग दस्तुर वृद्धि गर्ने ।

९. वन तथा वातावरण मन्त्रालय— औद्योगिक पहुँचमार्ग निर्माण गर्नका लागि वन क्षेत्र प्रयोग गर्न दिने।

१०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— जिल्ला समन्वय समिति जुम्लाका प्रमुख श्री लालबहादुर सार्कीको वैदेशिक भ्रमण स्वीकृत गर्ने ।

११. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— थाई एयरलाइन्सलाई दोहोरो भुक्तानी नहुने गरी २०१७ को जुलाई, अगष्ट र सेप्टेम्बर महिनाको अन्तर्राष्ट्रिय डाँक ढुवानी गरे बापतको रकम भुक्तानी गर्न अर्थ मन्त्रालयले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निकासा दिने। ।

१२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— द्वन्द्वका घाइते सन्तोष रानाभाटलाई उपचार खर्च उपलब्ध गराउने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

सम्बत् २०७५ साल चैत ११ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रिय विकास परिषद्, २०७५ का सदस्यहरू मनोनयन गर्ने ।

२. अर्थ मन्त्रालय— नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ मा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान वितरणको अनुमानित सीमा स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय— चीन अन्तर्राष्ट्रिय सहयोग नियोग (China International Development Cooperation Agency) बाट नेपालको उत्तरी क्षेत्रमा बसोबास गर्ने जनताको जीविकोपार्जनमा सहयोग गर्नका लागि प्राप्त हुने सहायता स्वीकार गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

४. अर्थ मन्त्रालय— लोक सेवा आयोगको सिफारिस बमोजिम श्री श्रीकुमार राईलाई नेपाल लेखापरीक्षण सेवा, राजपत्रांकित प्रथम श्रेणी, नायब महालेखापरीक्षक पदमा नियुक्ति गर्ने ।

५. अर्थ मन्त्रालय— बेरूजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको वार्षिक प्रतिवेदनमा उल्लिखित सुझाव एवं सिफारिसहरू कार्यान्वयन गर्ने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— जाँचबुझ आयोग गठन विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने। विराटनगर जुट मिल्स लिमिटेडमा भएको अनियमितता सम्बन्धमा छानविन जाँचबुझ आयोग गठन तथा कार्यशर्त स्वीकृत गर्ने ।

७. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति सिफारिस गर्न सिफारिस समिति गठन गर्ने ।

८. गृह मन्त्रालय— राष्ट्रिय परिचय प्रणालीको मुख्य अंगको निरन्तरता, स्तरोन्नति र क्षमता विस्तारका लागि साविकको सेवा प्रदायक संस्था बहुराष्ट्रिय कम्पनी IDEMIA सँग वार्ता गरी सोझै सेवा खरिद गर्ने ।

९. गृह मन्त्रालय— तत्कालीन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्री रविन्द्रप्रसाद अधिकारी लगायत ७ जनाको उद्धार खोज, श्रद्धान्जली, अन्त्येष्टी समेतको कार्यमा भएका खर्चहरू भुक्तानी गर्ने ।

१०. गृह मन्त्रालय— Indonesia को Semarang मा संचालन हुने "Law Enforcement Consultation on Enhancing Role of Police in HIV Response/Law Enforcement and Civil Society Consultation on Enhancing Partnerships with programs that provide HIV Related Services for People Who Use Drugs" बिषयक कार्यक्रमहरुमा नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक ठुले राईलाई भाग लिन पठाउन स्वीकृति दिने।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— महाकाली पूल पहुँच मार्गमा पर्ने घर/टहरा तथा जग्गाहरुको मुआब्जा/क्षतिपूर्ति/राहत रकम उपलब्ध गराउने ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नेपाल इन्जिनियरिङ्ग सेवा, रा.प. प्रथम श्रेणीका श्री ऋषि राज कोइरालालाई नेपाल पानी जहाज कार्यालयको रजिष्ट्रार पदमा नियुक्ति गर्ने।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— मकवानपुर र सिन्धुली जिल्लामा निर्माण हुने/स्तरोन्ति गरिने सडकको सिमा भित्र परेका ऐलानी जग्गामा बनेका स्थायी वा अस्थायी घर, टहरा तथा अन्य संरचनाहरुको राहत स्वरुप क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— रणनीतिक सडक पुनर्स्थापना तथा सुधारमा समावेश गरी नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहत ल्याई संचालन गर्ने ।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— प्रदेश सरकारमा भएका सडकहरू नेपाल सरकारबाट सञ्चालन गर्ने ।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नेपाल पूर्वाधार निर्माण कम्पनीको प्रवन्धपत्र तथा नियमावली स्वीकृत गर्ने ।

१७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — नेपाल भारत महिला मैत्री समाज काठमाडौंलाई सशर्त अनुदान उपलब्ध गराउने विषयको प्रस्ताव प्रस्ताव फिर्ता गर्ने ।

१८. रक्षा मन्त्रालय— काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक निर्माणमा संलग्न सैनिकहरूलाई जोखिम तथा खाजा भत्ता उपलब्ध गराउने।

१९. वन तथा वातावरण मन्त्रालय— राष्ट्रिय ताल संरक्षण विकास समितिको व्यवस्थापन, सञ्चालनलाई निरन्तरता दिने ।

२०. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय— स्विट्जरल्याण्डको जेनेभामा आयोजना हुने आठौं Global Meeting of Chairs and Secretaries of Consultative Process on Migration मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय गोकर्ण विष्टलाई भाग लिन स्वीकृति दिने |

२१. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय— वैदेशिक रोजगार नियमावली, २०६४ को चौथो संशोधन स्वीकृत गर्ने ।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाको केन्द्र साविक चौरीखर्क गाउँ विकास समितिको कार्यालयबाट हेरफेर गरी वडा नं.३ चौरीखर्क क्याङमा कायम गर्ने।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— SingHealth को आयोजनामा सिंगापुरमा हुने कार्यक्रममा प्रमुख बिशेषज्ञ (बाह्रौं तह) डा.सुशील नाथ प्याकुर्यालसमेतको सहभागिता विषयमा यस ढाँचाको कार्यक्रममा सहभागिता उचित र जरूरी नभएकोले प्रस्तावित कार्यक्रममा कुनै तहको सहभागिता नगराउन निर्देशन दिने ।

२४. सुनसरी जिल्लाको वर्जुतालको संरक्षण र विकास गर्नको लागि गुरूयोजना तर्जुमालगायतका अन्य आवश्यक कार्यहरू तत्काल अघि बढाउन वन तथा वातावरण मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति दिने ।

२५. मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरूको मर्यादाक्रम संशोधन गरी सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

२६. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री केवलप्रसाद भण्डारीलाई बढुवा गर्ने ।

२७. प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष परिचालन, पुरस्कार/सहयोग सिफारिस समितिको सदस्यमा छिरिङ ल्हामो गुरूङ, मुस्ताङ र माघवप्रसाद ढुंगेल, रामेछापलाई मनोनित गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

सम्बत् २०७५ साल चैत ७ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम संवत् २०७५ साल चैत १० गते आइतबार राती १२.०० बजेदेखि संघीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२. अर्थ मन्त्रालय— ऋण असुली न्यायाधिकरणका बैकिङ्ग सदस्य श्री उपेन्द्र बहादुर कार्कीले दिनुभएको राजिनामा स्वीकृत गर्ने ।रिक्त बैङ्किङ्ग सदस्य पदमा टोखा नगरपालिका वडा नं. ४, काठमाडौं निवासी श्री नरेशराज अर्याल र कानुन सदस्य पदमा उपसचिव श्री गोविन्द खनाललाई नियुक्त गर्ने।

३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— श्री हुमबहादुर के.सी. लाई नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिवको पदमा नियुक्ति गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सहसचिव पदमा पदस्थापन गर्ने ।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय— राष्ट्रिय कृषि वन नीति, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय— IRRI South Asia Regional Center (IRRI SARC) को समन्वय समिति बैठकमा सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

६. गृह मन्त्रालय— नेपालमा अवैध तरीकाले बसोबास गरिरहेका रसियन नागरिक Mr. Revenky OlegValeriewrich र नेदरल्याण्डको नागरिक Mr. Prem Ojas हरुको नियमानुसार तिर्नुपर्ने भिसा तथा विलम्ब शुल्क वापतको रकम मिनाहा गर्ने।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— मुग्लिङ-पोखरा सडकको मुग्लिङ-आबुखैरेनी खण्ड तथा पूर्वपश्चिम राजमार्गको पकली कन्चनपुर सडक खण्डको रेखांकन (Alignment) गर्ने ।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— प्रदेश सरकारमा गएका सडकहरू नेपाल सरकारबाट सञ्चालन गर्ने ।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— चीनको राजधानी बेइजिङ्गमा आयोजना हुने "Second Belt and Road Forum for International Cooperation (BRF) especially the Infrastructure Connectivity thematic Forum" विषयक कार्यक्रममा मा. भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठलाई भाग लिन जान स्वीकृति प्रदान गर्ने ।

१०. युवा तथा खेलकुद मन्त्रालय— नेपाली युवा प्रतिनिधि मण्डलको नेतृत्व गर्दै युवा अनुभव आदान प्रदानका लागि युवा तथा खेलकुद सचिव श्री कृष्णप्रसाद देवकोटालाई श्रीलंका भ्रमण गर्ने स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव फिर्ता गर्ने ।

११. युवा तथा खेलकुद मन्त्रालय— UN-ECOSOC को Youth Forum मा माननीय मन्त्रीको नेतृत्वमा संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोग, न्यूर्योकका प्रतिनिधिसमेत जम्मा तीन सदस्यीय प्रतिनिधिमण्डल सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

१२. रक्षा मन्त्रालय— सैनिक सेवा (दोश्रो संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने ।

१३. रक्षा मन्त्रालय— लेखा प्रमुख सेनानी महेश खनाललाई विशेष बढुवा गर्ने विषयको प्रस्ताव फिर्ता गर्ने।

१४. वन तथा वातावरण मन्त्रालय— क्योटो अभिसन्धिको दोहा संशोधन (Doha Amendment to Kyoto Protocol) मा स्वीकृति जनाउने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

१५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— गण्डकी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय पोखराका नामवाट राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण र एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रमको रकम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराको नाममा कायम गर्न स्वीकृती दिने।

१६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— विस्व स्वास्थ्य सङ्गठन (WHO) को आयोजनामा युनाइटेड अरब इमिरेटको दुबईमा आयोजना हुने कार्यक्रममा प्रमुख विशेषज्ञ (बाह्रौ तह) डा.सुशील नाथ प्याकुरयालको सहभागिता विषयको प्रस्ताव फिर्ता गर्ने ।

१७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- "राष्ट्रिय भूमि नीति, २०७५" स्वीकृत गर्ने ।

१८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- "राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक" संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने ।

१९. शहरी विकास मन्त्रालय- संयुक्त आवास भवनको निर्माणको स्वीकृति एवं नियमन गर्न अधिकार प्राप्त अधिकारी तोक्ने।

२०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- जुट उद्योगलाई विद्युत महसुलमा छुट दिने ।

२१. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय- "गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५" स्वीकृत गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

OPMCM

सम्बत् २०७५ साल चैत ४ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृती दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राजस्व अनुसन्धान विभागका कर्मचारीहरूको प्रोत्साहन भत्ता स्वीकृत गर्ने ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— Intergovernmental Agreement on Dry Ports अनुमोदनका लागि संघीय संसदमा पेश गर्ने स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— नेपाल-भारत व्यापार र पारवहन सम्बन्धी Letter of Exchanges (LoEs) लगायतका विषयमा छलफल गर्न सहसचिवस्तरीय बैठकको लागि वार्ता टोली गठन गर्ने ।

५. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय— जलस्रोतको उपयोग, व्यवस्थापन र नियमन सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृत दिने ।

६. न्याय, तथा संसदीय मामिला मन्त्रालय— नेपाल न्याय सेवा, न्याय समूहको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू श्री नारायणप्रसाद पन्थी र श्री रामेश्वर रेग्मीलाई सरुवा गर्ने ।

७. न्याय, तथा संसदीय मामिला मन्त्रालय— प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

८. न्याय, तथा संसदीय मामिला मन्त्रालय— दुरसंचार नियमावली, २०५४ बमोजिमको पुनरावेदन समितिको अध्यक्षमा न्याय परिषद्का सचिव श्री देवेन्द्रराज ढकाललाई तोक्ने ।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय— आयोजनाहरूमा मन्त्रालयको निर्णयबाट २०७५ साल साउनदेखि नै काजमा खटिई कार्यरत रहेका पदहरूको हकमा सोही मितिदेखि र अन्य पदको हकमा निर्णय भएको मितिदेखि लागू हुने गरी अस्थायी दरबन्दी स्वीकृत गर्ने

१०. खानेपानी मन्त्रालय— San Jose, Costa Rica मा हुने कार्यक्रममा सहभागी हुन मा. मन्त्रीलाई स्वीकृति दिने विषयको प्रस्ताव फिर्ता गर्ने ।

११. गृह मन्त्रालय— कराईमा तातेको तेलमा परेर जल्न पुगेका प्यूठान नगरपालिका विजयनगर बस्ने राजु खडकाको छोरा वर्ष २ को शिशिर खड्कालाई रु. ५,००,०००।- आर्थिक सहायता उपलब्ध गराउने।

१२. गृह मन्त्रालय— स्वर्गीय प्रहरी जवान अर्जुन कमरको आश्रित परिवारलाई रू.१०,००,०००।- आर्थिक सहायता उपलव्ध गराउने।

१३. परराष्ट्र मन्त्रालय— संयुक्त राष्ट्र संघको दोस्रो उच्चस्तरीय दक्षिण-दक्षिण सहयोग सम्बन्धी सम्मेलनमा भाग लिने प्रतिनिधिमण्डल गठन गर्ने ।

१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— भारतीय सरकारी कम्पनी KONKAN Railway Corporation Limited मार्फत २ (दुई) Set DEMU Train G to G (सरकार र सरकार) प्रक्रियाबाट खरिद गर्न रेल विभागलाई स्वीकृति दिने ।

१५. रक्षा मन्त्रालय— पाइलट महासेनानी राम सुन्दर बोहराको पदावधि थप गर्ने ।

१६. वन तथा वातावरण मन्त्रालय— सोलु कोरिडोर १३२ के.भी. प्रसारणलाइनका लागि थप वन क्षेत्र प्रयोग गर्न दिने ।

१७. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय— नेपाल सरकार र जापान सरकारबीच Memorandum of Cooperation मा हस्ताक्षर गर्ने ।

१८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— विकास समिति तथा संग्रहालयको व्यवस्थापन गर्ने ।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— नेपाल कृषि सेवाका राजपत्राङ्कित प्रथम श्रेणी प्राविधिक कर्मचारीहरूको पदस्थापना गर्ने ।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— जिल्ला प्रशासन कार्यालय, इलाममा कार्यरत कार्यालय सहयोगी श्री भिमबहादुर लिम्बुको पत्नी देवीमाया लिम्बुलाई उपचार खर्च बापत रू. ५,००,०००/- थप आर्थिक सहायता दिने ।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय लालबाबु पंडितज्यूको वैदेशिक भ्रमण स्वीकृति विषयको प्रस्ताव प्रस्ताव फिर्ता गर्ने ।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिवहरूको सरुवा गर्ने ।

२३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— सूचना प्रविधि पार्कको जग्गा तथा भवन सुरक्षण मुद्रण विकास समितिलाई उपलब्ध गराउने ।

२४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— World Summit on the Information Society (WSIS) Forum 2019 मा भाग लिने विषयको प्रस्ताव फिर्ता गर्ने ।

२५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— चलचित्र विकास बोर्डको अध्यक्ष पदमा केशव भट्टराईलाई मनोनयन गर्ने ।

२६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— राष्ट्रिय स्वास्थ्य नीति, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

२७. फागु पूर्णिमामा चैत ७ गते बिहिबार विदा हुने जिल्लाहरूको सूचीमा झापा जिल्ला थप गरी उक्त जिल्लामा २०७५ साल चैत ६ गतेको सट्टा २०७५ साल चैत ७ गते बिहीबार बिदा दिने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने ।

२८. मिति २०७५/११/२६ को बैठकबाट 'मिति २०७५।१०।२३ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जन गरिएको "औद्योगिक व्यवसायसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५" संघीय संसद समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने' निर्णय भएबमोजिम नै उक्त विधेयक संघीय संसदसमक्ष पेश गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

२९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— स्वास्थ्य बीमा नियमावली, २०७५ स्वीकृत गर्ने ।

३०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— "चिकित्सकीय कानुनी (मेडिको लिगल) सेवा सञ्चालन निर्देशिका, २०७५" स्वीकृत गर्ने ।

३१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— "पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५" स्वीकृत गर्ने ।

३२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— "एकल विन्दु सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्ने बारेको सूचना" स्वीकृत गर्ने ।

३३. अर्थ मन्त्रालय- "कर्जा सुरक्षण (पहिलो संशोधन) नियमावली, २०७५" स्वीकृत गर्ने ।

३४. गृह मन्त्रालय— "नेपाल पत्रकार महासंघ(चौथो संशोधन) विधान, २०७३" स्वीकृत गर्ने ।

३५. वन तथा वातावरण मन्त्रालय— "शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७५" स्वीकृत गर्ने ।

३६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— "औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" स्वीकृत गर्ने ।

३७. गृह मन्त्रालय— "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५" स्वीकृति गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

OPMCM